यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ८ ○अंक ५२ ○श्रेणी 'क' ○२०७२ मंसिर ४ गते शुक्रबार ○ 20 Nov. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।– मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोबाइल : ९८१६१०२२१६

## कालोबजारी गर्नेलाई ठाउँको ठाउँ कार्बाही गर्ने सरकारको तयारी

**काठमाडौं ३ मंसिर ।**

सरकारले इन्धन अभावका नाममा कालोबजारी गर्ने र अनियमितता गर्ने जो कोहीलाई पनि कडा कारबाही गर्ने भएको छ । अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउनका लागि यसअघि निर्माण गरिएको अनुगमन संयन्त्रमाथि पनि निगरानी गरिने र तत्काल कानुनी कारबाही गर्ने तयारी गरेको छ । त्यसका लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव जीवराज कोइरालाको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय समिति गठन गरेको हो । सो समितिलाई उच्चस्तरीय छानबिन समितिको नाम दिइएको छ । यसअघि वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागका महानिर्देशक शम्भु कोइरालाको नेतृत्वमा रहेको समितिलाई मन्त्रालयले थप प्रभावकारी बनाउने भएको छ । सो समितिमा स्थानीय प्रशासन, उपभोक्तावादी सङ्घसंस्था तथा सरोकारवालालाई समेत समावेश गरिनेछ । यसअघि सोही समितिले बजार अनुगमन गरेको भए पनि प्रभावकारी काम हुन नसकेको भन्दै जनस्तरबाट चर्को गुनासो आएपछि समितिलाई थप प्रभावकारी बनाउन लागिएको हो । सो समितिले काम गरे नगरेको समेत सहसचिव जीवराज कोइराला नेतृत्वको उच्चस्तरीय छानबिन समितिले छानबिन गर्ने र कारबाहीका लागि मन्त्रीसमक्ष सिफारिस गर्नेछ । इन्धनको कालोबजारी मौलाएको, इन्धन आपूर्ति नभए पनि बजारमा इन्धन पाइएको, व्यापारी तथा कमिसनखोरी मात्रै मौलाएको भन्दै गुनासो बढेपछि त्यसखालको समिति स्थापना गरिएको हो । सो समितिले शुक्रबारबाटै आफ्नो काम गर्नेछ ।

**लगत राख्न छुट्टै समिति**

मन्त्रालयले उपलब्ध सीमित इन्धन के कति आयात भयो, त्यसको भण्डारण कहाँ र कसरी गरिएको छ र वितरण प्रणाली कसरी मिलाइएको छ र कसकसले पाए भन्नेबारेमा लगत राख्न मन्त्रालयका एक सहसचिवको नेतृत्वमा तीन सदस्यीय समिति बनाइएको छ । तर सहसचिवको नाम भने मन्त्रालयले आन्तरिक रुपमा मिलाउन बाँकी रहेको छ ।

सो समितिले भारतबाट आयात भएका पेट्रोल, डिजल, खाना पकाउने ग्यास, हवाई इन्धन, मट्टीतेल के कति परिमाणका आयात भयो, कुन भण्डारणमा भण्डारण गरिएको छ, कहाँ कसरी वितरण गरियो भन्नेबारेमा लगत राखेर सार्वजनिक गर्नेछ । कहीं कतै अनियमितता भए र गरिएको भए सो समितिले आवश्यक कारबाहीका लागि मन्त्रीसमक्ष पेस गर्नेछ ।

वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव ङइन्द्रप्रसाद उपाध्यायले कोही पनि व्यक्ति कानुन भन्दामाथि नरहेको भन्दै अभावको बेला समस्या खडा गर्ने, अनियमितता गर्नेलाई कारबाहीको दायरमा ल्याइने बताए ।

**अत्यावश्कीय क्षेत्रलाई इन्धन दिइने**

सरकारले अस्पताल, शैक्षिक संस्था, खानेपानी, दूध आयात गर्ने निकाय, कूटनीतिक नियोग, सुरक्षा निकाय एवम् कृषि उपजको सामग्री आयात गर्ने सङ्घ तथा संस्थालाई सहज रुपमा इन्धन दिने बताएको छ । इन्धन अभावमा सवारी साधन चल्न नसक्दा दैनिक उपभोग्य वस्तुको आयातमा असर परेको तथा बिरामी अस्पतालसम्म पुग्न नसक्ने अवस्थालाई मध्यनजर गर्दै सो निर्णय गरिएको सचिव उपाध्यायको भनाइ छ । इन्धन अभावका कारण सरकारी तथा निजी शैक्षिक संस्था खुल्न सकेको छैन । औषधि अभावका कारण थप मानवीय समस्या पैदा भएको छ । सुरक्षाकर्मीले समेत जनतालाई सुरक्षा दिन समस्या परेको अवस्थालाई ध्यानमा राखेर उपलब्ध भएको इन्धनको निश्चित परिमाण ती क्षेत्रलाई दिन लागिएको मन्त्रालयको भनाइ छ ।

**चामल अभाव छैन, तेलमा कालोबजारी भयो**

सरकारले मुलुकभर चामलको अभाव नभएको जनाएको छ । नेपाल खाद्य संस्थान, निजी क्षेत्रका गोदाममा समेत चामलको उल्लेख्य मौज्दात रहेको छ । तर इन्धनको अभावका कारण एक स्थानबाट अर्को स्थानमा निर्यात गर्न भने समस्या परेको छ । सचिव उपाध्याय का अनुसार चामलको मौज्दात रहेको छ । यस्तै खाने तेलमा भने कालोबजारी भएको सचिव उपाध्यायको भनाइ छ । नाकाबन्दीभन्दा पहिले आएको खाने तेलसमेत लुकाएर व्यापारीले अत्यधिक नाफा खाएर बिक्री वितरण गरेको पाइएको छ । खाने तेल हवाई मार्गबाट आयात गर्ने तयारीमा सरकार रहेको छ । दलहनमा पनि मूल्य बढेको जानकारी दिदै सचिव उपाध्यायले त्यसको विकल्पको समेत खोजी रहेको बताए । यस्तै नुन भने आगामी ६ महिनाका लागि मौज्दात रहेको छ । साल्ट ट्रेडिङसँग चाहिँदो मात्रामा

बाँकी अन्तिम पृष्ठमा......

## गोल्डेन न्यूज दैनिकका पन्तमाथि आक्रमण
### विभिन्न क्षेत्रबाट घटनाको निन्दा, दोषीउपर कार्वाहीको माग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ मंसिर ।**



गोल्डेन न्यूज दैनिकमा कार्यरत पत्रकार हरि पन्तमाथि बुधबार राति आक्रमण भएको छ । पत्रिकाको काम सकेर कार्यालयबाट घरतर्फ फर्कदै गर्दा पन्तलाई राति करिब ११ बजे पोखराको बगालेटोलमा अपरिचित ३ जनाको समूहले एक्कासी आक्रमण गरेको थियो । पेट्रोल नभएका कारण मोटरसाइकल घरमै राखेकोले उनी हिंडेरै कार्यालयबाट घर फर्कदै थिए । त्यसैक्रममा सडक किनारमा रहेका ती युवाको समूहले रुखो स्वरमा 'तँ कहाँ जान लागेको ?' भनि समातेर टाउकोमा मुक्का प्रहार गरेका थिए । समूहमा रहेका मध्ये कुनैले मादक पदार्थ सेवन गरेको अनुमान पन्तको छ । उनीहरुले गरेको आक्रमणबाट पन्तको टाउकोमा चोट लागेको भएपनि आक्रमणपछि पन्तले एक जनालाई धकेलेर गुहार माग्दै अगाडि भागेकोले उनीमाथि थप आक्रमण हुन पाएन । त्यसपछि स्थानीय सर्वसाधारण सडकमा निस्किएकाले तिनै जना त्यहाँबाट भागेको पन्तले बताए ।

यसैबीच गोल्डेन न्यूज दैनिकका प्रधान सम्पादक तथा प्रकाशन संस्था सुनौलो पब्लिकेशन प्रालिका अध्यक्ष गंगाधर पराजुलीले आफ्नो संस्थाको सहकर्मीले भोग्नु परेको दुःखद् घटनाले रातिको समयमा काम गर्ने आम पत्रकारहरुले सामना गर्नुपर्ने नियतिलाई स्पष्ट पारेको बताएका छन् । पेट्रोलियम पदार्थको व्यवस्थित वितरण नगर्दा अधिकांश पत्रकारहरु रातिको समयमा पनि पैदल हिंड्नुपर्ने विडम्वना, स्थानीय प्रशासन, सुरक्षा अधिकारी तथा राज्यका निकायको गम्भीर बेवास्ता का कारण पत्रकारले मात्र नभइ आम सर्वसाधारणले यस्तो घटना भोग्नु परेको भन्दै उनले सरोकारवालाप्रति गम्भीर ध्यानाकर्षण गरेका छन् ।

उक्त घटनाका बारेमा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख, प्रहरी उपरीक्षक हरिबहादुर पाललाई जानकारी गराउँदा उनले त्यस क्षेत्रमा सुरक्षाकर्मीको निगरानी बढाउने बताए । आक्रमण गर्नेहरुको खोजी गर्न प्रहरी संवेदनशील रहेको भन्दै उनले यसअघि पनि त्यस क्षेत्रमा यस किसिमका घटना हुने गरेको जानकारी दिए ।

यसैबीच नेपाल पत्रकार महासंघ कास्कीको तर्फबाट अध्यक्ष रामकृष्ण ज्ञवालीले पत्रकार पन्त माथिको आक्रमण दुःखद् भएको भन्दै खेद व्यक्त गरेका छन् । उनले एक विज्ञप्ति प्रकाशित गरि आक्रमणकारीलाई तत्काल पक्राउ गरि कार्वाही गर्न सुरक्षा निकायसंग माग गरेका छन् । अध्यक्ष ज्ञवालीले यो समस्या रातिमा काम गर्ने सबै पत्रकारले भोग्दै आएको भन्दै सुरक्षा दिने काम प्रहरी प्रशासनको भएको स्पष्ट पारेका छन् ।

यसैगरी नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष शिरोमणि बरालले पत्रकार पन्तमाथि भएको आक्रमणको निन्दा एवं भर्त्सना गरेका छन् । अध्यक्ष बरालले यस किसिमका घटनाले सुरक्षास्थितिमा चुनौती देखिएको भन्दै सुरक्षा निकायको गम्भीर ध्यानाकर्षण गराएका छन् । पत्रकारमाथि बेलाबखत हुने यस्ता घटनामा संलग्नलाई कार्वाही गर्न र सुरक्षाको प्रत्याभूति दिलाउन पत्रकार महासंघ लगायतका संस्थाको सक्रियता आवश्यक रहेको उनले बताए ।

## विद्यार्थीमाथि प्रहरी ज्यादतिको नेविसंघद्वारा विरोध

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ मंसिर ।**

तेल भर्ने समयमा पोखराको बृहस्पति आयल स्टोरमा विद्यार्थीमाथि भएको प्रहरी ज्यादतीको नेविसंघले आपत्ति जनाएको छ । इन्धन वितरण समुचित र व्यवस्थित बनाउने उद्देश्यले नेविसंघले पोखराका विभिन्न पेट्रोल पम्पमा विद्यार्थीहरु खटाएको थियो ।

जसअन्तर्गत नयाँबजारस्थित बृहस्पति आयलमा पेट्रोल पम्प संचालक स्वयंले लाइनमा पालो कुरेर बसेकाहरुलाई पछि पार्दै मनोमानी ढंगले चिनेजानेका र आफन्तलाई वितरण गरेको र त्यसको आपत्ति जनाउँदा प्रहरी हस्तक्षेप भएको नेविसंघका केन्द्रीय सदस्य सरोज केसीले बताए । उनका अनुसार प्रहरीबाट कुटपिटबाट ध्रुवबहादुर भट्टराई र सुमित क्षेत्रीलाई शरीरका विभिन्न भागमा चोट लागेको छ । कुटपिट गरी उल्टै उनीहरुलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय पुऱ्याइएकोमा नेविसंघले कडा आपत्ति जनाएको उनले बताए ।

यसैगरी नेपाल विद्यार्थी संघ कास्कीले कास्कीका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन् । भारतले गरेको आघोषित नाकाबन्दीका कारण सृजित अवस्थाले नागरिक ठूलो समस्यामा परेकाले नेविसंघ कास्की दुखित् भएको जनाएको छ । नेविसंघले प्रमुख जिल्ला अधिकारीलाई बुझाएको ज्ञापनपत्रमा भूकम्पको त्रास नागरिकमा अझै कायम रहेको अवस्थामा पनि नाकाबन्दीले झनै आक्रान्त बनाएकोले तत्काल यस समस्याको समाधान गर्न माग गरिएको छ । व्याप्त कालोबजारी र ग्यास इन्धनको सहज र न्यायिक वितरण नभएकोमा प्रशासनको ध्यानाकर्षण गराउँदै नेविसंघले यातायात व्यवसायीले समेत मनपरी भाडा उठाएर नागरिकलाई पीडामाथि पीडा दिएको भन्दै आपत्ति जनाएको छ ।

नेविसंघले विद्यार्थीहरु भविष्यका कर्णधार, वर्तमानका साझेदार भएकोले उनीहरुले शिक्षा आर्जन गर्न पाउनु मौलिक अधिकार भएपनि इन्धन अभावकै कारण विद्यार्थीले पढ्न नपाउनु दुःखद् भएको जनाएको छ ।

## समावेशीतालगायतका विविध दृष्टिबाट नयाँ संविधान उत्कृष्ट

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ मंसिर ।**



नेपाल महिला संघ कास्कीद्वारा आज यहाँ आयोजित 'समसामयिक जटिल अवस्था, नयाँ संविधानको कार्यान्वयन र नेपाल महिला संघको भूमिका' विषयक अन्तरक्रियामा नेपालको नयाँ संविधान समावेशिता लगायतका दृष्टिबाट उत्कृष्ट भएकोमा जोड दिइएको छ । नयाँ संविधानका साथै समसामयिक राजनीतिका सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यका साथ नेपाल महिला संघले सुरु गरेको जनजागरण अभियान अन्तर्गत आयोजित अन्तरक्रियामा वक्ताहरूले नेपाली जनताको सात दशकदेखिको संघर्षको उपलब्धि स्वरुप प्राप्त संविधानमा समावेशिता लगायतका धेरै महत्वपूर्ण विषयलाई समेटिएको बताएका छन् । कार्यक्रममा नेपाल महिला संघकी केन्द्रीय अध्यक्ष डिला संग्रौलाले संविधानले महिला लगायत विपन्न वर्ग तथा समुदायको हक अधिकारलाई सुनिश्चित गरेको बताइन । संविधानको कार्यान्वयन महत्वपूर्ण पक्ष भएको बताउँदै उनले यसका लागि प्रमुख पार्टीका रुपमा नेपाली काँग्रेसको भूमिका विशेष महत्वपूर्ण हुने स्पष्ट पारिन् । नेपाली काँग्रेस कास्कीका सभापति एवम् सांसद यज्ञबहादुर थापाले नेपाली काँग्रेसले २००७ सालमा नै संविधान सभाबाट संविधान बनाउने उद्घोष गर्दै संघर्ष गरेको र त्यसले वर्तमानमा आएर साकार रुप लिएको बताए । संविधानले समाजमा लामो समयदेखि पछि परेका वर्ग र समुदायलाई राज्यको मूल प्रवाहमा समाहित गराउने स्पष्ट व्यवस्था गरेको उनले जानकारी दिए । नेपाली काँग्रेसका नेता शुक्रराज शर्माले संविधान नेपाली जनताको महत्वपूर्ण उपलब्धि भएका कारण यसको सफल कार्यान्वयनमा लाग्नुपर्ने बताए । सांसद शारदा पौडेलले संविधान सामाजिक र सांस्कृतिक रुपमा पिछडिएका महिलाको सशक्तिकरण र विकासका लागि अत्यन्त उपयोगी भएको बताइन । नेपाली काँग्रेसका नेता सोभियतबहादुर अधिकारीले नेपाली जनताको कठिन संघर्षबाट प्राप्त संविधानको सफल कार्यान्वयन वर्तमानको प्रमुख चुनौती भएको बताए। नेपाल महिला संघ कास्कीकी अध्यक्ष कोपिला रानाभाटको सभापतित्वमा भएको अन्तरकयामा केन्द्रीय सदस्यहरू आनन्दी राना, माया राना, उर्मिला थापा, रविकला खनाल, हिरा शर्मा, संघका विभिन्न छिमेकी जिल्लाका अध्यक्षहरु ज्ञानु शाह, पवित्रा पौडेल, मनकुमारी गुरूङ, कल्पना तिवारी लगायतले संविधानले महिला, दलित तथा विपन्न वर्ग र समूदायका हक अधिकारलाई सुनिश्चित गरेको र यसको कार्यान्वयनमा सबैको सहयोग आवश्यक हुने बताएका थिए ।

## आन्दोलन चकाउने संयुक्त मधेशी मोर्चाको घोषणा

**काठमाडौं ३ मंसिर ।(गोल्डेन)**

तराई मधेसमा आन्दोलनरत मधेसी मोर्चाले आन्दोलनलाई थप सशक्त बनाउने घोषणा गरेको छ । हिजो सत्ता गठनबन्धनसँग भएको वार्ता विफल भएपछि बिहीबार संघीय समाजवादी फोरमको कार्यालयमा बसेको मोर्चाको संयुक्त बैठकले सो घोषणा गरेको हो । बैठकपछि जारी विज्ञप्तीमा भनिएको छ, 'मधेसी आदीवासी, जनजाती, थारु, मुस्लिम, दलितलगायत सीमान्तकृत समुदायले उठाएका मुद्दाहरुलाई वार्ताद्वारा सम्बोधन गर्न सरकार एबम् तीन दल गम्भीर नरहेको हुँदा चालू आन्द्योलनलाई झनै बढी सशक्तरुपले जारी राख्दे निर्णय गरियो ।' मोर्चा सम्बद्ध चार दलका अध्यक्षहरुको हस्ताक्षर रहेको

बाँकी अन्तिम पृष्ठमा......

हार्दिक बधाई



श्री गंगाधर पराजुली

सामुदायिक रेडियो रेडियो सराङकोट १०४.६ मेगाहर्ज पोखराका शुभचिन्तक, सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका कार्यकारी निर्देशक, गोल्डेन न्यूज दैनिकका प्रधान सम्पादक, पोखराका अग्रज पत्रकार श्री गंगाधर पराजुलीज्यू नेपाल प्रेस युनियन कास्कीद्वारा स्थापित 'प्रेस युनियन पत्रकारिता पुरस्कार–२०७२' द्वारा सम्मानित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण थापा
कार्यकारी निर्देशक
रेडियो सराङकोट १०४.६ मेगाहर्ज परिवार, पोखरा

हार्दिक बधाई



श्री गंगाधर पराजुली

सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका कार्यकारी निर्देशक, गोल्डेन न्यूज राष्ट्रिय दैनिकका प्रधान सम्पादक, सुनौलो पब्लिकेशन प्रालिका अध्यक्ष, राष्ट्रिय समाचार समिति (रासस) संचालक समिति सदस्य, नेपाल प्रेस युनियन एवं नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय उपसभापति तथा पोखराका अग्रज पत्रकार श्री गंगाधर पराजुलीज्यू नेपाल प्रेस युनियन कास्कीद्वारा स्थापित 'प्रेस युनियन पत्रकारिता पुरस्कार–२०७२' द्वारा सम्मानित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भोला बराल
वित्त निर्देशक
सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज

करूणा बराल
पोखरा–११, रानीपौवा

'हाम्रो प्रतिवद्धता न्यूनतम् शुल्कमा गुणस्तरीय शिक्षा'
ADMISSION OPEN !
पोखराको केन्द्र महेन्द्रपुल, नयाँबजारमा स्वच्छ वातावरण, अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने, विगत २७ वर्षदेखि उत्कृष्ट नतिजा निकाल्न सफल पोखराकै पहिलो सामुदायिक क्याम्पसमा विभिन्न छात्रवृत्ति सहित स्नातक तह प्रथम वर्षमा भर्ना खुल्यो ।
कार्यक्रम
BBS 4 Years Programme
BA with (MajorJournaliasm, Rural Developement, English, Socology)
विशेषताहरू :
❖अंग्रेजी तथा नेपाली माध्यमका कक्षाहरु
❖दक्ष तथा अनुभवी प्राध्यापकह
❖पोखरामा पहिलो सामुदायिक क्याम्पस
❖विभिन्न छात्रवृत्तिको व्यवस्था
❖पारिवारिक एवं शान्त वातावरणमा विहानी कक्षा
❖बिदाका दिनहरुमा पनि प्रशासन खुल्ला रहनेछ ।
फाराम वितरण तथा भर्ना चलिरहेको छ । इच्छुक विद्यार्थीहरुले बिहान ७ बजेदेखि दिउसो ४ बजेसम्म बिदाको दिनमा समेत सम्पर्क राखि आफ्नो सिट सुरक्षित गर्नुहास् ।
विस्तृत जानकारीका लागि :
पोखरा बहुमुखी क्याम्पस तथा महेन्द्र उच्च मा.वि.
नयाँबजार, पोखरा, फोन : ०६१–५२१११३, ५२८१००

■ कमाएर दाम जो भन्छ आफ्नै खाल्डो ऊ खन्छ ।

— बालकृष्ण सम

# साहित्य/सिर्जना



## साहित्य

### मुक्तकहरु

तीर्थराज अधिकारी

कुँडिएको मनलाई खै कसरी सन्तोष दिलाउँछ मान्छे
दिल मिलोस् नमिलोस तर पनि हात मिलाउँछ मान्छे
कतिसम्म कुटिल मनहरू जन्मेका छन् यो लोकमा
आफू सर्वत खाई अरुलाई जहर पिलाउँछ मान्छे ।

❖❖❖

राम्ररी हेर स्थल भन्दा जल धेरै छ जगत्मा
कति खेर गई रहेछ विशुद्ध पानी फगतमा
विकल्पमा किन पसिनाकै पानी खान्छ मान्छे ?
कतै पानीको मात्रा खोज्ने हुन की मान्छेकै रगतमा !

❖❖❖❖❖❖

आकाशमा उँडु भने कावा खाइरहेको चिल छ
जमिनमा उँडु भने हावा चलिरहेको भिल छ
कहाँ उडुँ, कहाँ बसुँ, खै कहाँ गुँड लगाउँ ?
हरेक ठाउँमा दुष्ट सिकारीको मन्जील छ ।

❖❖❖

फाटेको मन चित्तले सिउन थाल्यो भने
वनस्पतिले आफ्नै फल खाएर जिउन थाल्यो भने
यो संसारमा भोक प्यास हराउँथ्यो होला !
नदीले आफ्नो जल आफै पिउन थाल्यो भने ।
मातृत्वको साइनो मेटिन थालिएका छन्
दुधमा अखाद्य वस्तुहरू फेटिन थालेका छन्
अरु के कुरा ! साना नानीले खेल्ने खेलौनामासमेत
बारुदका कणहरू भेटिन थालेका छन् ।

❖❖❖

उनी न देवता न देवी हुन्
नियमित सोम रस सेवी हुन्
कौरव र पाण्डवका साझा गुरु ती
द्रोण नै पहिलो टेष्टट्युव वेवी हुन् ।

❖❖❖

माइती भन्नु नै आमाको घर हो
अर्को नगिजको साइनो मामाको घर हो
यता गए पनि भयो, उता गए पनि भयो
रमाई-रमाई खाने त उही तीजको दर हो ।

क्रमश :

## आजको पञ्चाङ्ग

मिति २०७२ साल मंसिर ४ गते शुक्रबार, तदनुसार नवेम्वर २० सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको नवमी तिथि ४४ घटि ३१ पला अर्थात रातिमा १२ बजेर १४ मिनेटसम्म त्यसउप्रान्त दशमी तिथि लाग्नेछ । आज सूर्य तुला राशिमा, चन्द्रमा मकर राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घटि ५२ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २५ मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०९ मिनेटमा हुनेछ ।

## आजको राशिफल

**मेष :** विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।

**वृष :** दाजु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने ।

**मिथुन :** आफन्तसँग झगडा हुने, कार्यमा विध्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।

**कर्कट :** आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टत्रिसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन राम्रो छ ।

**सिंह :** यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा रहनेछन, छोराछोरीले सताउने, वायू रोगले सताउने ।

**कन्या :** गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन राम्रो छ ।

**तुला :** समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।

**वृश्चिक :** धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।

**धनु :** व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने ।

**मकर :** शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।

**कुम्भ :** शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने ।

**मीन :** सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

# अविनाशी स्वरुपको लेखन : आत्महत्याको जङ्गल

प्रभा बराल नेपाली वाङ्मयको क्षेत्रमा कविता, गजल, निबन्ध र कथा लेखनमा क्रियाशील स्रष्टा हुन् । विशेष गरेर पछिल्लो समय अखबारी र बाल साहित्य लेखनमा रुचि राख्दै आएकी बराल पचासको दशकबाट साहित्य साधनामा क्रियाशील स्रष्टा हुन् । बराल फुटकर विधाका कृति प्रकाशन गरेर साधनाले माझिएकी एक सचेत स्रष्टा हुन् । बरालले हालसालै आत्महत्याको जङ्गल (२०७२) यात्रा निबन्धको नविनतम् कृति लिएर पाठकसामु देखा परेकी छन् । विभिन्न पत्रपत्रिकाहरूमा समय सान्दर्भिक लेख रचना प्रकाशन गर्दै आएकी बरालको अखबारी लेखनले उनको आख्यान लेखनको धरातल मापन पक्कै गर्न सकेको थिएन ।

आत्मसाँची राखेर भन्दा, पङ्क्तिकारले पनि बराल यति सुन्दर यात्रानिबन्धहरू लेख्ने क्षमतावान लेखक हुन् भन्ने आकलन गरेको थिएन । जे कल्पना गरिएको हुँदैन, त्यो प्राप्त हुँदा छुट्टै आनन्द आउछ । धेरैले भनेको कुरा हो पङ्क्तिकारको नामसँगको असहमति, झट्ट बराललाई पनि उनको कृतिको नामको सन्दर्भमा उनलाई कतिले भने होलान कस्तो नाम राखेको भनेर । दुनियाँमा नामले नै सबै कुरा हुन्थ्यो भने किन धेरै सन्दर्भहरू विपरित भइरहेका छन् ? यसर्थ नाम राख्नका लागि राखिने आवरण हो उनले राखेको कृतिको नामसँग म एकदम सहमत छु उत्कृष्ट नामाङ्करण भनेर । कुरा कृति भित्रका सामग्रीको, भनिन्छ, जुनसुकै वस्तु जस्तो देखिए तापनि त्यसमा निहित अविनाशी सत्य स्वरुपलाई पहिचान गर्नु नै वास्तविक ज्ञान हो । बरालको प्रस्तुत कृति अध्ययनपछि आम सचेत पाठकलाई उनको लेखनमा रहेको अविनाशी सत्य स्वरुपले झक्झक्याउने छ । एकातर्फ बरालले आफ्नो लेखन अद्भूत कला प्रदर्शन गरेर आम पाठकहरूलाई मोहित पारेकी छन् । अर्कोतर्फ आत्मसम्मानको लेखन प्रस्तुत गरेकी छन् ।

कतिपय व्यक्तिहरूलाई अवसर नै मिल्दैन । कोही अवसर मिली हाले पनि सदुपयोग गर्न जान्दैनन् तर बरालले पाएको अवसरलाई सान्दर्भिकताका साथ प्रस्तुत गरेकी छन् । जुन कृति उनको दुई पटकको जापान बसाइँको कमाइ ठान्दा अन्यथा नहोला । अग्र, मध्य र अन्तिम गरी दुई सय १६ पृष्ठमा संरचित छ । दुई सय ७५ रुपैयाँ मूल्य राखिएको कृतिको मूल्य पनि समय सान्दर्भिक देखिन्छ । प्रस्तुत कृतिमा बादलपारिको देशमा, एहिमे विश्वविद्यालय, निकास नपाएको उल्झन, श्रद्धाका दुई थुँगा फूल, जहाँ आया र पियन हुँदैनन् साकुरा फुल्ने देश, ओकाइदो मेला, ओफुरो, रोलर कोष्टरमा फनफनी, समुन्द्र मोहलगायतका लामा र छोटा आयामका यात्रावृत्तान्त समावेश रहेका छन् । यसैगरी बरालले फेरि जापान, किमोनो, जापानमा पनि झारफुक, जापनीज वाइफ अमेरिकन लाइफ, सुन्तला र रोबोट, साइकलमा पाइडलमाथि, फुजी मार्टकी वृद्धा, आत्महत्याको जङ्गल, क्यासल, कस्तूरीजस्ता हामी र आरिगातो निहोन, आरिगातो ओत्तोलगायत विभिन्न २१ शीर्षकमा दुई पटक जापान घुमफिर गर्दाका यात्रानुभूतिहरूलाई पोखेकी छन् ।

बरालको प्रस्तुत कृति अध्ययन पछि धेरै पहिला पढेका एक सन्त कविको याद आयो । जसले भनेका थिए, 'आफ्नो प्राण रक्षाको निम्ति अनिवार्य रुपमा आवश्यक पर्ने भए पनि यदि त्यसले परिवारको इज्जतलाई अधोगतितिर धकेल्छ भने त्यस्तो कार्य नगर्नु राम्रो हुन्छ ।' लेखक प्रभा बरालको नविनतम् कृति आत्महत्याको जङ्गल पढेपछि मानसपटलको कुनै कुनामा भण्डारण



भएका यस्ता सन्दर्भहरूले जुरुक्क उचाली रहेका छन् । यसरी उचाल्नुको पहिलो कारण बरालले पाएका सुनौला अवसर र भोगेका दुख लाग्दा भोगाई दुवैलाई आत्मसम्मानका साथ स्वीकार्नु नै हो । उनले कृति लेखनमा निकै इमान्दारिता व्यक्त गरेकी छन् । पाइला-पाइलामा राष्ट्रप्रेमको भाव व्यक्त गरेकी छन् । यस्ता यावद् सन्दर्भहरू कृतिमा रहेका छन्, यो नै उनको लेखनको सवल पक्ष हो । चाहे जापानमा रहदाको केही फुर्सदिलो समयलाई सदुपयोग गरेर सुन्तला टिप्ने काम गर्दाको वर्णन होस् । चाहे अरुले प्रयोग गरेका कोठा पुनः नयाँ पाहुनाका लागि अपडेट गर्दाको वर्णन होस् । चाहे साइकलका पाडलमाथि सरर यात्रा गर्दा आफूले बाल्यकालमा माइती गाउँमै साइकल चलाउन सिकेकोमा गर्व गरेर होस् । चाहे महोत्सवमा नेपाली पहिचान झल्कने स्टल राखेर नेपाली संस्कार र संस्कृतिको प्रवद्धन गरेर होस् यी केही उदाहरण मात्र यहाँ प्रस्तुत गरिएका हुन् । यस्ता प्रयाप्त सन्दर्भ उनको प्रस्तुत कृतिमा पाइन्छन् । यो नै उनले लेखनको सवल पक्ष हो ।

जब एक सर्जकले कृति प्रकाशन गर्छ तब त्यो कृति सबैको सार्वजनिक चाँसोको विषय भित्र पर्न जान्छ । त्यसैले त्यसका राम्रा नराम्रा पक्षहरुका बारेमा छलफल, चर्चा परिचर्चा अवश्य हुन्छ नै । बरालको प्रस्तुत कृतिमा राम्रा पक्षहरू धेरै हुँदाहुँदै पनि केही भन्न मन लागेका कुरा पनि छन् । कृतिमा नजर पुऱ्याउँदा पुऱ्याउँदै केही वाक्य गठनमा त्रुटि फेला पर्न गएको पाइन्छ । जस्तो रिटार्यड (पृ.६२) यसैगरी कृतिमा कतै आँसु, कतै आँशु, लेखिएको पाइन्छ (पृ. ९६) । यस्तै बुझद्थ्यो कतै बुझदथ्यो (पृ.१८१) एउटा कृति भित्रको भाषागत एकरुपता कायम गर्न सकेको खण्डमा पनि राम्रो हुने देखिन्छ । यसैगरी इथिोपिया (पृ.११४) बिचको अक्षर छुटे जस्तो देखिन्छ । तपाईंले के काम गर्न भयो (पृ.१२५) । यात्राले पूर्णता पाउन रहेछ (पृ.१२९) । काठमाडौंलाई साइकलमैत्री सहर



असफल गौतम

बनाउने भनेको त सुनेकी छ (पृ.१५३) । जस्ता केही सामान्य त्रुटि देखिन्छन् ।

अध्ययनको सिलसिलामा देखिएका यस्ता त्रुटिहरू समयमै औल्याउन पाए अन्य संस्करणमा सुधारिने छन् भन्ने अपेक्षा मात्रै हो । अन्तमा पङ्क्तिकार लेखनमा इमान्दारिता खोज्ने व्यक्ति हो, यसर्थ बरालको यस कृतिमा देखिएको यो इमानको लेखनले नै उनी सफल नियात्राकार हुन् । निहारिकाले आफ्नो मन्तव्यमा भने झैं, बिना टिकटको हवाई तथा जापान यात्रा गरे जस्तै अनुभुत आम पाठकलाई उनले गराइ रहेकी छन् । कृतिमा प्रयोग गरिएको भाषा सरल र सहज रहेको छ । समय सन्दर्भनुसार प्रयोग गरिएका जापानीज भाषाका शब्दहरूको अर्थसमेत समावेश भएकाले पाठकलाई कृति पढ्न लागेपछि कुनै उल्झन आउँदैन । यस्ता राम्रा यात्रा निबन्ध लेख्ने बरालको बाँकी साहित्यिक यात्राको सफलताको शुभकामना !

# ऐतिहासिक स्थल तान्द्राङकोट ओझेलमा पर्दै

सानेबहादुर नेपाली

तनहुँ ३ मंसिर ।

ऐतिहासिक एवम् धार्मिक स्थलको रूपमा परिचित गोरखाको तान्द्राङकोटमा रहेको सिद्धकाली मन्दिर ओझेलमा पर्दै गएको छ । गोरखाका तत्कालीन राजा रामशाहले धादिङ जिल्लाको सल्यानकोट जित्न जाँदा सिद्धपुरुष दुर्लभ लामिछानेले हेराएको साइतमा बूढी गङ्गालाई रोकी सेना तारेर सल्यानमाथि विजय हासिल गरेको उक्त ऐतिहासिक स्थल र सिद्धकाली मन्दिरमा रहेको तान्द्राङकोटको सम्पत्तिको उचित संरक्षण र सम्बर्द्धन हुन नसक्दा ओझेलमा पदै गएको हो । उक्त मन्दिरमा सिद्धपुरुष दुर्लभ मूल पुजारी रहेको स्थानीय वृद्धवृद्धा बताउँछन् । जिल्लाको तान्द्राङ गाविस वडा नं ५ स्थित तान्द्राङकोटमा लामिछानेले सिद्ध काली मन्दिर स्थापना गरेपछि सबै अष्टमीमा नियमित बलि चढ्ने भएपनि विशेष गरी दशैंको घटस्थापनादेखि दशमीका दिनसम्म र चैत्र अष्टमीको दिनमा भक्तजनहरूको भीड लाग्ने गर्दछ ।

पछिल्लो समयमा त्यस क्षेत्रमा रहेका ऐतिहासिक संरचनाहरूको संरक्षण एवम् सम्बर्द्धन नहुँदा बाह्य एवम् आन्तरिक पर्यटकलाई आर्कषण गर्न नसकिएको स्थानीय जनता बताउँछन् । गोरखकाली र सिद्धकाली दिदीबहिनीबीच झगडा हुँदा सिद्धकालीले बूढीगण्डकीको पूर्व पट्टिको उचाइमा राखिदिनु भनेकाले उक्त स्थानमा कालीको शिला ल्याएर मन्दिर स्थापना गरेको किंवदन्ति रहेको छ ।

उक्त मन्दिर समुद्री सतहबाट करिव एक हजार १३५ मिटर उचाइमा रहेको छ । उक्त मन्दिरमा कालरात्रि पूजा, महाअष्टमीको मध्यरातमा कालरात्रिको बलि दिँदा धर्मप्रति विश्वास नगर्नेहरू बेहोश हुने गरेको समितिका सचिव यदुप्रसाद लामिछाने बताउछन् । यस वर्षको दशैंको अवसरमा करिब ५ हजार महिलाले उक्त मन्दिरमा बत्ती बालेका थिए । उनले भने-( "सिद्धकालीले मनले चिताएको पुऱ्याइदिने विश्वासले पनि वर्षेनी भक्तजनहरूको भीड लाग्ने गर्दछ ।" यस मन्दिरमा बोका, राँगा, भेडा, हाँस लगायतका पशुपक्षीको बलिदिने र फूलको डोली लैजाने प्रचलन रहिआएको छ । उक्त मन्दिरमा पूजाअर्चना गर्न धावा, चौतारा, आरुपोखरी, मसेल, घ्याम्पेसाल तान्द्राङ लगायतका स्थानबाट मानिसहरू आउने गर्दछन् । गत वैशाख १२ गते गएको भूकम्पले सिद्धकालीको मन्दिर पूर्ण रूपमा भत्किएकाले समितिका पदाधिकारी र स्थानीयवासीको सहयोगमा सामान्य मर्मत गरेर मन्दिर पुनःस्थापना गरिएको छ । "करिव डेढ लाख रुपैयाँको लागतमा पूजा सञ्चालन गर्न मिल्ने अवस्थामा ल्याएका हौं," समितिका सहसचिव रामचन्द्र लामिछानेले भने । भूकम्पमा परी सिद्धकाली मन्दिरभित्र एक बाघ समेत मरेको थियो । देवीको शिरतिर फर्किएको अवस्थामा मरेको बाघ भेटिनुले पनि धर्मप्रति झनै मानिसहरूको आस्था बढेको उनको भनाइ छ । "ऐतिहासिक, धार्मिक र पुरातात्विक स्थलको संरक्षण एवम् सम्बर्द्धन गर्न पनि सिद्धकालीको मन्दिर पुनःनिर्माण गर्न आवश्यक ठानेका छौं," उनी भन्छन् । उक्त मन्दिरमा सिद्धकालीको नाउँमा पूजा व्यवस्थापन गर्न ६ पाठा र एक पाडो समितिले दिनुपर्ने प्रावधान रहेको विगत १५ वर्षदेखि पुजारी रही आएका लोकनाथ सुवेदी बताउछन् । एक वर्षमा पूजाअर्चना गर्न करिव एक लाख रुपैयाँ खर्च हुन्छ । उनले भने-"तर राज्यले पूजा खर्च भनेर अहिले ८ हजार रुपैयाँ दिने गरेको छ । अघिल्ला वर्षहरूमा ४ हजार ५ सय राज्यको मालपोत कार्यालयबाट दिने गरेको थियो ।" गाविसको मात्रै नभई राज्यकै गहनाको रूपमा रहेको उक्त क्षेत्रको विकासका लागि गाविसले समेत बेवास्ता गर्ने गरेको सुवेदी बताउछन् । उक्त मन्दिरको पुनः निर्माणका लागि पुरातत्व विभागमा पत्र पठाइएको समितिले जनाएको छ ।

मन्दिरलाई पुरानै अवस्थामा फर्काउन करिव ५० लाख रुपैयाँ लाग्ने अनुमान समितिले गरेको छ । उक्त मन्दिर नजिकै फूलपाती भञ्ज्याङमा रातको समयमा बत्ती बल्ने, तत्कालीन राजाले घोडा बाँधेको डोप, सिद्धपुरुष दुर्लभको भग्नावेश घर अद्यापि देख्न सकिने स्थानीय ६१ वर्षीय प्रेमनारायण चुडारी बताउछन् । रासस

# दमौली अस्पतालमा डायलाइसिस केन्द्र

तनहुँ ३ मंसिर ।

तनहुँको दमौलीस्थित दमौली अस्पतालमा एक करोड २० लाख रुपैयाँको लागतमा मिर्गौला रोगीको उपचारका लागि डायलाइसिस केन्द्र स्थापना गरिएको छ ।

उक्त केन्द्रको हेल्थ केयर फाउन्डेसन नेपालका अध्यक्ष कृष्ण आचार्य र दमौली अस्पताल विकास समितिका अध्यक्ष हरिराज कँडेलले संयुक्त रूपमा बुधबार उद्घाटन गरेका हुन् । राष्ट्रिय मिर्गौला उपचार केन्द्रमार्फत दमौली अस्पतालमा मिर्गौला उपचार केन्द्र स्थापना गरेपछि मिर्गौला रोगीले पोखरा, काठमाडौं जस्ता ठूला सहरमा महँगो र लामो दूरी पार गरेर उपचारमा जानुपर्ने बाध्यता हट्ने छ । उक्त केन्द्रमा पाँचवटा मेसिन राखिएको र त्यसबाट दैनिक १५ जना बिरामीलाई डायलाइसिस सेवा उपलब्ध गराउन सकिने डा ऋषि काफ्लेले जानकारी दिए । मिर्गौला रोगीले हप्ताको दुईपटक डायलाइसिस गर्नुपर्ने र एकपटक गर्दा रु तीन हजार ५०० शुल्क लाग्ने सो केन्द्रले जनाएको छ । उक्त सेवाका लागि आवश्यक जनशक्ति, प्राविधिक सहयोग एवम् सञ्चालन व्यवस्थापन मिर्गौला उपचार केन्द्रमार्फत उपलब्ध गराउने व्यवस्था रहेको सो केन्द्रले जनाएको छ । उक्त केन्द्रमा डायलाइसिस सेवा उपलब्ध हुने भएपछि मिर्गौला रोगी खुसी भएको बताइएको छ । रासस

# देउसी भैलोबाट करिब २ लाख संकलन

गोल्डेन न्यूज संवाददाता

पोखरा ३ मंसिर ।

लामाचौरमा रहेको भक्तिपथ टोल सुधार समितिले सामूहिक देउसी भैलोबाट १ लाख ८१ हजार ८ सय ५५ रुपैंया संकलन गरेको छ । तिहारको साँस्कृतिक पक्षलाई जर्गेना गर्न र नाला निर्माण गर्ने उद्देश्यले खेलिएको देउसीमा त्यस क्षेत्रका बासिन्दाले ठूलो सहयोग गरेको समितिका सह-सचिव एवं कार्यक्रम संयोजक गिरीधारी शर्माले जानकारी दिए । संकलित रकममा केही रकम थप गरेर नाला निर्माणमा लगाइने उनले बताए । समितिले अघिल्लो वर्ष भक्तिपथमा १ किलो मिटर सडक पिच समेत गरेको थियो । त्यही सडकको दायाँबायाँ यसपटक नाला निर्माण गर्न लागिएको हो ।

**पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं ।**

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ॥
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

पोखरामा पहिलो पटक
यौनवर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्वल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेननिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# पत्रकार आचारसंहिता उल्लङ्घन बढ्दो

**काठमाडौं ३ मंसिर ।**

सञ्चारमाध्यममा प्रकाशन/प्रसारण गरिएका समाचारको विषयलाई लिएर ती सञ्चारमाध्यमविरुद्ध पर्ने उजुरी बढ्दै गएको छ । व्यक्तिगत वा संस्थागत चरित्र, मानसम्मान, मर्यादा, इज्जत, प्रतिष्ठा, सार्वजनिक सरोकार, ठगी आदि विषयसँग सम्बन्धित प्रेस काउन्सिल नेपालमा आर्थिक वर्ष २०७१/७२ पछि साउनमा ६, भदौमा नौ र असोजमा आठवटा उजुरी परेका छन् ।

आव २०७०/७१ मा ३९ वटा उजुरी परेका थिए भने आव २०७१/७२ मा ५१ वटा उजुरी परेका थिए । काउन्सिलमा उजुरी पर्ने सङ्ख्यामा वृद्धि भए पनि असोजमा बन्द, हडताल, नाकाबन्दी र चाडपर्व भएका कारण उजुरीकर्तालाई उजुरी दिन कठिन भएको काउन्सिलको भनाइ छ । पछिल्लो पटक संविधान जारी भएपछि करिव दुई महिनादेखि तराईका विभिन्न जिल्लामा भएको आन्दोलनका समाचार प्रसारण/प्रकाशनका क्रममा अलि बढी पत्रकार आचारसंहिता उल्लङ्घन भएको अनुगमनका क्रममा पाइएको काउन्सिलका अध्यक्ष वोर्णबहादुर कार्कीले बताए । काउन्सिलका प्रशासकीय अधिकृत दीपक खनालले खासगरी आफूलाई कानुनभन्दा माथि ठान्ने प्रवृत्ति र विभिन्न शक्ति संरक्षणको आडमा आचारसंहिता उल्लङ्घन गर्ने गरेको बताए । उनका अनुसार छापा माध्यम, विद्युतीय माध्यम, अनलाइन, ब्लग र सामाजिक सञ्जालको विरुद्धमा उजुरी पर्ने गरेको छ । पत्रकारिता क्षेत्रलाई व्यवस्थित, मर्यादित र जवाफदेही बनाउन सञ्चारमाध्यम र पत्रकारले गर्नुपर्ने ११ र गर्न नहुने १४ वटा बुँदामा आचारसंहिता लागू गरेको थियो । पत्रकार आचारसंहिता-२०६० संशोधित तथा परिमार्जित-२०६४ मा पत्रकार तथा सञ्चारमाध्यमले प्रेस स्वतन्त्रताको संरक्षण गर्नुपर्ने, मानवअधिकारको सम्मान गर्नुपर्ने र सत्य-तथ्य सूचनाको सम्प्रेषण गर्नुपर्नेलगायत ११ वटा बुँदा रहेका छन् ।

त्यसैगरी, राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने, सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्न नहुने, समाचारको गोप्यस्रोत खोल्न नहुने र पीडितलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण गर्न नहुने लगायतका १४ बुँदा आचारसंहितामा उल्लेख गरिएको छ । 'गोरखापत्र प्रकाशन हुनुअघि के छाप्ने र के नछाप्ने भनेर सनद जारी गरिएको थियो । राजा र राणाको गुणगान गाउनुपर्ने र उनीहरूको आलोचना गर्न नपाइने लगायतका बुँदा राखेर सरकारले आफ्नो पत्रिकाका लागि जारी गरेको सनदलाई नै पहिलो आचार विधि मानिन्छ' भनी काउन्सिलद्वारा प्रकाशित 'संहिता' मा उल्लेख गरिएको छ । पत्रकार आचारसंहिता उल्लङ्घन बढ्दै गएका कारण पनि काउन्सिलले अनुगमनको पाटोलाई कडाइका साथ तीव्र बनाउँदै लगेको अध्यक्ष कार्कीको भनाइ छ । उहाँका अनुसार अनुगमनका साथै मिडिया जागरण र मिडिया संवादलाई समेत तीव्र बनाइएको छ । "आगामी दिनमा आचारसंहितामा प्रतिबद्ध नभएका सञ्चारमाध्यम तथा सञ्चारकर्मीप्रति काउन्सिल कडा रूपमा प्रस्तुत हुने योजना रहेको छ", अध्यक्ष कार्कीले भने ।

आचारसंहिता उल्लङ्घन गर्नेलाई काउन्सिलले स्पष्टीकरण सोध्ने, गल्ती सच्याउँदै खण्डनका लागि निर्देशन दिने, अवज्ञा सूचीमा राख्नेबारे सचेतना गराउने, अवज्ञाको सूचीमा राख्ने, प्रेस पास निलम्बन गर्ने र राज्यबाट पाउने सम्पूर्ण सेवासुविधाबाट वञ्चित गर्नेसम्मको कारबाही गर्न सक्नेछ । काउन्सिलमा परेका उजुरीमध्ये अधिकांशलाई कारबाही गरिएको र केही प्रक्रियामै रहेका छन् ।

आगामी दिनमा काउन्सिलले ऐन, संशोधन, परिमार्जन वा संशोधनका लागि पहल गर्ने, आचारसंहिता संशोधन तथा परिमार्जन, प्रेस परीक्षा र मिडिया सङ्ग्रहालय स्थापना गर्ने कार्ययोजना अगाडि बढाएको छ । नेपाल पत्रकार महासङ्घका अध्यक्ष डा महेन्द्र विष्टले आचारसंहिता उल्लङ्घन बढेको भन्दा पनि मानिसमा उजुरी गर्नुपर्छ भन्ने चेतना बढेको हो, जनता जागरुक भएका हुन्, तर पनि कतिपय जिल्लामा आन्दोलनको नाममा पत्रकार आचारसंहिताको उल्लङ्घन भएका छन् भने ।

नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देलले पत्रकार तथा सञ्चारमाध्यमले आफ्नो पेसा प्रतिको इमानदारितालाई जोगाउन पनि आचारसंहिताको पालना गर्नुपर्ने धारणा राख्छन् । प्रेस चौतारी नेपालका अध्यक्ष राजेन्द्र अर्यालले आचारसंहिता पालना नगर्दा सिङ्गो पत्रकारिता क्षेत्र नै कमजोर हुने बताउँछन् । "उल्लङ्घन बारेमा काउन्सिल एक्लैले भन्दा पनि काउन्सिल र अन्य सरोकारवाला सङ्घसंस्थाले संयुक्त रूपमा अनुगमन गर्नुपर्छ"-क्रान्तिकारी पत्रकार सङ्घका अध्यक्ष गोविन्द आचार्यले भने ।

पत्रकार आचारसंहितामा नै स्नातकोत्तरमा शोधपत्र तयार गर्नुभएका पत्रकार भीष्मराज ओझा आचारसंहिता लागू गराउने जिम्मेवारी काउन्सिलको मात्र नभई सम्बन्धित सञ्चारमाध्यमको पनि हुनुपर्ने बताउछन् । रासस

# पुन:निर्माणको काम योजना आयोगलाई

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ३ मंसिर ।**

राजनीतिक विवादका कारण पुनर्निर्माण आयोग गठन सम्भव नभए पछि सरकारले पुनर्निर्माण सम्वन्धी काम राष्ट्रिय योजना आयोगलाई जिम्मा लगाउने भएको छ। बिहीबार बसेको मन्त्रिपरिषदको बैठकले उक्त निर्णय गरेको हो। बैठक पश्चात संचारमन्त्री शेरधन राईले पुनर्निर्माण सम्बन्धी काम तदारूकताका साथ सम्पन्न गर्न राष्ट्रिय योजना आयोगलाई नै अहिलेका लागि उक्त जिम्मेवारी दिने निर्णय गरेको बताए। नेपाली कांग्रेस नेतृत्वको सरकारले अध्यादेश मार्फत राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष गोविन्दराज पोखरेललाई प्रमुख कार्यकारी अधिकृत नियुक्ति गरी पुनर्निर्माण कार्य अघि बढाउने निर्णय गरेको थियो। तर एमाओवादी र एमालेको असहयोगका कारण आवश्यक कानुन समयमा पारित नहुँदा अध्यादेश मार्फत गठन भएको उक्त आयोग स्वत रद्द हुन पुगेको थियो। अर्को पुनर्निर्माण आयोग गठन नहुँदासम्म राष्ट्रिय योजना आयोगले नै पुनर्निर्माण सम्वन्धी काम गर्नेछ।

नेपाली कांग्रेसले भने पुरानै पुनर्निर्माण आयोगलाई आवश्यक कानुन पारित गरि निरन्तरता दिनुपर्ने बताउँदै आएको छ। पहिले एमाले र एमाओवादीका कारण पुनर्निर्माण आयोग सम्वन्धी अध्यादेश विफल भयो भने यति बेला आएर कांग्रेसले उसको पालामा गठन भएको आयोगलाइ नै निरन्तरता दिनुपर्ने माग राख्दै आएकोछ। यस राजनीतिक खेलको चपेटामा भूकम्प पीडित परेका छन्। बैठकमा सरकारले पुनर्निमाण को कामका लागि जापान सरकारबाट २३ अर्ब ४ करोड रुपैयाँ ऋण सहायता लिने निर्णय समेत गरेको छ । जापानले गत असार महिनामा भएको दाता सम्मेलनमा उक्त रकम ऋणस्वरुप दिने प्रतिबद्धता जनाएको थियो।

यसैगरी भारतले लगाएको अघोषित नाकाबन्दीको कारण इन्धनलगायतका उपभोग्य बस्तुको हाहाकार भइरहेको बेला सरकारले आपूर्ति व्यवस्था सहज बनाउन सबै खालको उपाय अपनाउने निर्णय गरेको छ । भारतको अवरोधपछि चीनबाट आपूर्ति व्यवस्था सुचारु गराउन सरकारले सबै खालको उपाय लगाउने निर्णय गरेको हो । मन्त्रिपरिषदको बैठकले आपूर्ति व्यवस्था सहज बनाउन जस्तोसुकै उपाय पनि अपनाउने निर्णय गरेको बैठकपछि सुचना तथा संचारमन्त्री तथा नेपाल सरकारका प्रवक्ता शेरधन राईले जानकारी दिए ।

त्यसका लागि केरुङ र तातोपानी नाकाको सडक स्तरोन्नतिको लागि बैठकले भौतिक योजना तथा पूर्वाधार मन्त्रालयलाई जिम्मेवारी दिएको छ । चीनतर्फको भौगोलिक कठीनाईका कारण आपूर्तिमा समस्या भएपनि सडकस्तरउन्नोती भएमात्रै पनि निकै सहजता हुने सरकारको विस्वास अनुसार मन्त्रालयलाई सो निर्देशन दिइएको हो ।

यसैगरि देशमा उत्पन्न भएको संकटको मौकाछोपी कालोबजारीमा संलग्न हुनेहरुलाई निरुत्साहित गर्न प्रधानमन्त्री कार्यालयका सचिवको संयोजकत्वमा एक अनुगमन कमिटी गठन गर्ने निर्णय समेत बैठकले गरेको छ । सो समिले सातामा एक पटक आपूर्ति र वितरणको प्रगति विवरण समेत सरकारलाई बुझाउन पर्नेछ ।

यस्तै बैठकले एम्बुलेन्स, दुध, विद्यालय लगायतका सावारी साधानलाई निश्चित पेट्रोलबाट आवश्यक इन्धन दिने निर्णय समेत गरेको छ । भुकम्पपछिको पुननिर्माण विधेयक पारित नभएको अवस्थामा तत्कालका लागि पुननिर्माणको कामहरु गर्न राष्ट्रिय योजना आयोगलाई जिम्मेवारी दिने निर्णय समेत भएको प्रवक्ता राईले जानकारी दिए । यस्तै तराई मधेसमा आन्दोलनरत पक्षलाई सहमतिमा ल्याउन जारी वार्तालाई नयाँ उचाईका साथ निश्कर्षमा पुर्याउन वार्ता प्रक्रिया अघि बढाउने निर्णय समेत बैठकले गरेको छ ।

# टिमुर उत्पादनमा ह्रास, कृषक चिन्तित

**म्याग्दी ३ मंसिर ।**

म्याग्दी जिल्लामा यस वर्ष मसालेदार फल टिमुरको उत्पादन घटेको छ । उत्पादन घटेपनि यसले बजार र मूल्य भने राम्रो पाएको छ । टिमुरको बोटमा फूल फुल्ने फागुन-चैतको याममा असिना परेकाले कम फल लागेको हो । असिनाले टिमुरको फूल झारेकाले उत्पादनमा ७५ प्रतिशतले कमी आएको जिल्ला वन कार्यालयले जनाएको छ । विगतका वर्षमा चार सय किलो टिमुर उत्पादन हुने ठाउँमा यसपाली मुस्किलले सय किलो सङ्कलन भएको टिमुरका अनुसन्धान कर्तासमेत रहेका सहायक वन अधिकृत चन्द्रमणि सापकोटाले जानकारी दिए । जिल्लाको बेनी नगरपालीका ९ र १० वडामा पर्ने नेप्टेचौर, स्यानीखेत, काउलेगौँडा, तोरीपानीका साथै भगवती, नारच्याङ, वेग, पिप्ले, ताकम, दरवाङ र मुदी गाविसको १३.६१ हेक्टरमा टिमुर खेती भएको छ ।

मौसम अनुकूल भएको र असिना नपरेको अवस्थामा जिल्लाभर वार्षिक दुई हजार ६३ किलो टिमुर उत्पादन हुने सापकोटाले बताए । कात्तिक-मङ्सिर महिना टिमुर टिप्ने उपयुक्त समय हो । पकेट क्षेत्रका कृषक काँडाधारी बोटमा फलेको टिमुर सङ्कलन गर्न व्यस्त छन् । जिल्लामा सबैभन्दा धेरै टिमुर उत्पादन हुने बेनी नगरपालिका-१० तोरीपानीका कृषक सागर बानियाँले उत्पादन घटेकाले बीस किलो फल लाग्ने बोटबाट यसवर्ष पाँच किलोमात्रै सङ्कलन भएको बताए । उत्पादन घटेपनि टिमुर किन्नका लागि मुस्ताङ र बेनीका व्यापारी गाउँमै पुगेर खोसाखोस गर्ने गरेका छन् । "पहिले रु छ सय प्रतिपाथीका दरले बिक्री हुने टिमुरको मूल्य अहिले रु एक हजार २०० पुगेको छ" उनले भने । उत्पादन घटेकाले बजारको माग धान्न नसकेको उनको भनाइ छ । तोरीपानीमा वार्षिक एक हजार ५०० किलोसम्म टिमुर उत्पादन हुन्छ । तोरीपानीका एक सय घरधुरीले टिमुरको खेती गरेका छन् । टिमुरलाई न्यानोका साथै तरकारी, दाल र अचारमा मसला तथा जडीबुटीको रूपमा प्रयोग गरिन्छ ।

गाईवस्तुबाट खेतबारीमा लगाएको बाली जोगाउन बारको रूपमा लगाइने टिमुरको बजारमा माग बढेपछि व्यावसायिक खेती विस्तार भइरहेको छ । टिमुर खेतीको विस्तार र बजार प्रवर्द्धन गर्न म्याग्दी उद्योग वाणिज्य सङ्घले 'एक जिल्ला एक उत्पादन' कार्यक्रम सञ्चालन गरेको छ । उत्पादन भएको टिमुर स्थानीय बजार, पोखरा, काठमाडौँ, चितवनका ठूला होटलका साथै जापान र जर्मनमा निकासी हुने गरेको बताइएको छ । रासस

# प्रतिभा छनौट समिति गठन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ मंसिर ।**

*लेखनाथ साहित्य प्रतिष्ठान एवम् लेखनाथ साहित्य एवम् कुन्तीदेवी शिक्षा पुरस्कार अक्षयकोष सञ्चालक समितिको मंगलबार बसेको संयुक्त बैठकले लेखनाथ साहित्य पुरस्कार २०७२ का लागि पाँच सदस्यीय छनौट समिति गठन गरेको छ। छनौट समितिको संयोजकमा प्रतिष्ठानका सल्लाहकार कृष्ण प्रसाद बास्तोला र सदस्यहरुमा डा. वासुदेव त्रिपाठी, डा. प्रतिभा पाण्डे, शुक्रराज अधिकारी र कृष्णप्रसाद पौडेल रहेका छन्।*

*५० हजार रुपैयाँ शशी रहेको लेखनाथ साहित्य पुरस्कार प्रत्येक वर्ष लेखनाथ जयन्ती समारोहमा पुस १५ गते वितरण हुँदै आएको छ। उक्त पुरस्कारबाट नेपाली शिक्षा परिषद् डा. वासुदेव त्रिपाठी, साहित्यकार मदनमणि दीक्षित, जनकवि केशरी धर्मराज थापा र साहित्यकार मोदनाथ प्रश्रित सम्मानित भएका छन्। बैठक प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकालको अध्यक्षतामा बसेको थियो।*

# सडक बनेपछि बेनी–जोमसोम पदमार्ग सुनसान

**बाग्लुङ ३ मंसिर ।**

पदयात्राको लागि संसारमै प्रसिद्ध अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने म्याग्दीको पोखरेबगर-घार-शिख-घोरेपानी पदमार्ग सडक बनेपछि ओझेलमा परेको छ । बेनी-जोमसोम खण्डमा जोडिएर घोरेपानी नजिक चित्रेमा सडक पुगेपछि सो पदमार्ग सुनसान बनेको छ । मोटरबाटो पुगेपछि पर्यटकले अन्य वैकल्पिक पदमार्ग प्रयोग गर्न थालेका छन् । पदमार्ग क्षेत्रमा भएका दर्जनौं होटल पर्यटककीय याममा समेत बन्द अवस्थामा छन् । फाट्टफुट्ट खुलेका होटलमा पनि एकाध पर्यटक मात्र आउने गरेको होटल व्यवसायी बताउँछन् । मोटरबाटो खुलेपछि ओझेलिएको पदमार्ग भूकम्प र आपूर्ति अभावले झन् थलिएको छ । पहिले-पहिले दैनिक सयौं पर्यटक आवातजावत गर्ने उक्त पदमार्ग अहिले सुनसान रहेको घार-६ का होटल व्यवसायी सक्कली बरुवालले बताए । "मोटरबाटो आएपछि यस क्षेत्रमा आउने पर्यटक घटेका छन्, भूकम्पले पनि ठूलो असर पारेको छ"-बरुवालले भने । कास्कीको नयाँपुल, वीरठाँटी, घान्द्रुक, घोरेपानी हुँदै तातोपानी, जोमसोम पुग्ने पर्यटक सो पदमार्ग हुँदै आवातजावत गर्ने गर्छन् । मोटरबाटो नबन्दा र अन्य वैकल्पिक पदमार्ग नहुँदा घान्द्रुक-घोरेपानी हुँदै तातोपानी निस्केर मुक्तिनाथ जाने प्रमुख पदमार्ग यही रहेको घोरेपानी होटल व्यवस्थापन समितिका अध्यक्ष जुनु पुनले बताए । "अहिले नयाँ-नयाँ रुट खुलेका छन्, त्यसले पनि प्रभाव पारेको हो । सँगै मोटरबाटो बनेपछि प्रमुख पदमार्ग नै ओझेलमा परेको छ"- उनले भने । पदयात्रा रुचाउने पर्यटकको लागि आर्कषक मानिने यस क्षेत्रमा मोटरबाटो ल्याउँदा पदमार्ग छलेर ल्याइनुपर्ने उनको भनाइ छ । घोरेपानीका पर्यटन व्यवसायी टेकसर पुन पनि मोटरबाटो बनेको क्षेत्रमा विदेशी पदयात्राको लागि आउन नरुचाउने धारणा राख्नुहुन्छ । पछिल्लो समय वैकल्पिक पदमार्गको रूपमा 'खोप्रा ट्रेक' खुलेपछि पुरानो पदमार्ग ओझेलमा परेको हो । तीन हजार ६६० मि उचाइमा रहेको खोप्रा लेक हुँदै जोमसोम जाने नयाँ पदमार्ग खुलेपछि पर्यटकको आकर्षण त्यता बढेको हो । होटल व्यवस्थापन समितिका अध्यक्ष पुनका अनुसार पोखरेबगर-घार-शिख-चित्रे-घोरेपानी पदमार्गमा रहेका होटल-रेस्टुराँको अवस्था पनि नाजुक छ । कतिपय बन्द भइसकेको छन् भने कतिपय बन्द हुने अवस्थामा छन् । सुविधा सम्पन्न र पर्यटन लोभ्याउने गरी बनाइका होटल पर्यटकको पखाईमा बसिरहेका छन् ।बराही गेष्ट हाउसका सञ्चालक खेम सेन्चुरीले मोटरबाटो निर्माण, भूकम्प जस्ता कारणले दर्जन बढी होटल प्रभावित बनेको उल्लेख गरे। पर्यटककीय याममै पदमार्ग सुनसान बनेपछि होटल व्यवसायीहरू पनि निराश छन् । घारेपानी-पुनहिल पुगेका पर्यटक पनि सो पदमार्ग छोडेर वैकल्पिक पदमार्ग रोज्न थालेका छन् । कतिपय पर्यटक भने घोरेपानी फन्को मारेर पुन: घान्द्रुक हुँदै कास्की नयाँपुल ओर्लने गरेका छन् । घोरेपानीमा पनि यो वर्ष अघिल्लो वर्षको तुलनामा पचास प्रतिशतभन्दा बढीले पर्यटक आगमनमा कमी आएको छ । सूर्योदय र मनोरम हिमशृङ्खला अवलोकनको लागि वार्षिक तीस हजार पर्यटक घोरेपानी-पुनहिल पुग्ने गरेका छन् । रासस

# देउसी भैलोको रकमले आकस्मिक बिरामी कोष स्थापना

**म्याग्दी ३ मंसिर ।**

म्याग्दीको कुँहू-१ पूर्णगाउँमा रहेको विश्वकर्मा समाजले तिहारको अवसरमा देउसी भैलोबाट सङ्कलन भएको रकमले आकस्मिक बिरामी कोष स्थापना गर्दैछ । दलित एकताका लागि आयोजना गरेको देउसी भैलोबाट सङ्कलन गरेको रकममध्ये रु दुई लाख ५० हजार रकमको आकस्मिक उपचार कोष स्थापना गर्न लागिएको समाजका सचिव सुनबहादुर विश्वकर्माले जानकारी दिए । उनका अनुसार कुल रु. तीन लाख पाँच हजार सङ्कलन भएकामा बाँकी रहेको रु ५५ हजार रुपैयाँ समुदायका लागि विवाह, व्रतबन्ध लगायतका कार्यका लागि आवश्यक पर्ने भाँडा खरिद गर्न खर्च गरिनेछ । विश्वकर्मा समाजका अध्यक्ष गङ्गालाल रसाइलीको अध्यक्षता र रनबहादुर लामिछानेको संयोजकत्वमा सञ्चालन भएको उक्त कार्यक्रममा विदेशमा रहेका स्थानीयवासीले समेत स्वत:स्फूर्त रूपमा सहयोग गरेका थिए । गाउँमा रहेका अधिकांश रसाइली र लामिछाने दाजुभाइबाट आकस्मिक बिरामी उपचार कोष खडा गर्ने र समाजका लागि आवश्यक पर्ने भाँडा खरिद गर्ने उद्देश्यले चार दिनसम्म देउसी भैलो सञ्चालन गरिएको थियो । विदेशमा रहेका गाउँका विश्वकर्मा दाजुभाइबाट रु एक लाख ७३ हजार र बाँकी रकम गाउँमा सङ्कलन भएको थियो । आकस्मिक बिरामी कोषलाई वडामा रहेका सबै समुदायका व्यक्तिलाई आकस्मिक रूपमा बिरामी पर्दा औषधि उपचार, स्वास्थ्य केन्द्रसम्म पुऱ्याउन आवश्यक पर्ने यातायात खर्च लगायतको काममा उपयोग गरिने सचिव विश्वकर्माले जानकारी दिए । रासस

# बहिराका लागि विद्यालय

**तनहुँ ३ मंसिर ।**

*जिल्लाको व्यास नगरपालिका-१ खकौलीमा युवाको सक्रियतामा पहिलोपटक बहिरा आवासीय विद्यालय सञ्चालनका लागि हाले शिलान्यास गरिएको छ । सोही क्षेत्रमा रहेको बुद्ध दाहाल प्राथमिक विद्यालयमा बहिरा आवासीय विद्यालय सञ्चालनमा ल्याउन लागिएको बहिरा आवास विद्यालय भवन निर्माण समितिका संयोजक रामबहादुर जिसीले बताए । भारतीय सेनामा कार्यरत हुँदा मृत्यु भएका स्वर्गीय बुद्ध दाहालको परिवारले दान दिएको रु १० लाख र करोडौं रुपैयाँ मूल्य पर्ने जग्गामा २०५२ सालमा बुद्ध दाहालको नाउँमा उक्त विद्यालय स्थापना गरेको विद्यालयका पूर्वप्रधानाध्यापक विष्णुबहादुर बस्नेतले जानकारी दिए । उनका अनुसार उक्त विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून भएका कारण २०७० सालदेखि बन्द अवस्थामा रहँदै आएको थियो । पोखरास्थित पहार ट्रस्टले बहिरा आवासीय भवन निर्माणका लागि ६० लाख रुपैयाँ सहयोग गरेको उक्त विद्यालयका पूर्व प्रअ बस्नेतले बताए ।*

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

जीवन के.सी.
मो. ९८५६०-३८०६६
९८०६६-४०८८५





पञ्चमुखी लक्ष्मी सप्लायर्स
हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८
विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoka | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
1. SLC मा उर्तिणले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Free Processing for Master, Bachelor & +2 First Divison Students*
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

खुशीको खबर !
के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*



अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर
१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।
आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

# एक वर्षसम्म रुट ईजाजत नपाउँदा जोखिमपूर्ण यात्रा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ मंसिर ।**

गएको मंसिरमा यातायात व्यवस्था कार्यालय गण्डकीले कास्की जिल्लाका ५२ वटा सडकलाई अस्थायी सवारी रुट इजाजतका लागि सिफारिस गऱ्यो । तर यहाँबाट सिफारिस भएर गएको प्रतिबेदन सहितको निवेदन यातायात व्यवस्था विभागमा पुगेर थन्कियो । सिफारिस भएको १ बर्ष बितिसक्दा पनि रुट ईजाजत दिने बिषयमा अहिलेसम्म कुनै निर्णय हुन सकेको छैन । अधिकांश सडक सवारी गुड्न उपयुक्त नभएपनि व्यावसायीहरुले सिण्डिकेट झैँ आलोपालो प्रणालीबाट सवारी चलाइरहेका छन् ।

नियम मिचेर जोखिमपूर्ण तरिकाले गाडी चलिरहेपनि नियमनकारी निकायले खासै चासो दिएको छैन । रुट परमिट विना गाडी चलेको थाह पाएर पनि नियमन निकायले व्यावहारिकता भन्दै छुट दिइरहेका छन् । पहाडी ग्रामिण भेगमा डोजर लगाएर भर्खर ट्र्याक मात्रै खुलेको ठाउँमा पनि निर्वाध गाडी चलिरहेका छन् । यस्तो बाटोमा गाडी चल्नु ज्यादै जोखिमपूर्ण हुने स्वयम् व्यावसायीहरु बताउछन् । परमिट नभएको बाटोमा गाडी चलाउँदा दुर्घटना भएर यात्रुको ज्यान गएमा बिमा कम्पनीले क्षतिपूर्ति पनि दिदैन । रुट ईजाजत दिने बिषयमा बिभागका कर्मचारीहरु प्राविधिक सहितको टोलिले अध्ययन गर्नुपर्ने भन्दै टार्ने गर्छन् । सिफारिस भएका रुटहरुका बिषयमा विभागको अध्ययन टोलिले अध्ययन गरेर टुंगो लगाउने बिभागका प्रवक्ता बसन्त अधिकारीले जानकारी दिए । तर एक बर्षसम्म पनि अध्ययनका लागि टोलि समेत गठन नहुँदा रुट ईजाजत पाईने सम्भावना तुहिँदै गएको छ । रुट परमिट नहुँदा ब्यवसायीहरुले पीच सडकको परमिट देखाएर कच्ची सडकहरुमा सवारी चलाउने गरेका छन् । यस्ता रुटहरुमा परमिट शुल्क समेत कम तिरे हुन्छ ।

पृथ्वी राजमार्ग बस सञ्चालक समितिका महासचिव योगेन्द्र बहादुर केसीले परमिट नहुँदा अर्कै सडकको परमिट देखाएर सवारी चलाउने गरेको बताए । सरकारले बाह्रै महिना गाडी चल्ने सडकको अवस्था तयार गरेमात्रै रुट परमिट दिने जनाएको छ तर यहाँका अधिकांश सडकहरु भने हिउँदमा मात्रै चल्ने खालका छन् ।

जिल्ला यातायात ब्यवस्थापन समितिले जिल्ला भित्रका ४५ वटा र अर्को अञ्चलसँग जोडिएका ७ वटा सडकका लागि भाडादर सहित रुट ईजाजतको सिफारिस गरेको थियो । सिफारिस गरिएका ग्रामिण सडकमा रुट ईजाजतका लागि यातायात व्यवस्था बिभागमा प्रस्ताब पठाएपनि अहिलेसम्म कुनै निर्णय हुन नसकेको यातायात व्यवस्था कार्यालय गण्डकी सवारीका प्रमुख भरत पौडेलले जानकारी दिए । सिफारिस गरेको पनि लामो समय भैसक्यो, उनले भने- बिभागबाट स्वीकृती आएपछि अस्थायी रुट ईजाजत दिने प्राबधान छ, स्वीकृती नपाएकाले समस्या भएको छ । ईजाजत नपाएका रुटमा गाडि चल्न भने अझै रोकिएको छैन । गाडी रोक्ने जिम्मेवारी त हाम्रो हो, पौडेल भन्छन्-स्थानीयहरुले रोक्नै मान्दैनन्, दुर्घटना भएपछि मात्रै क्षतिपूर्ति माग्न आन्दोलन हुन्छ ।

प्रस्तावित रुटमा सबैभन्दा लामो पोखरा-लुंखु-भोगसिङ्ग र पोखरा-आर्थर-रापु सडक ७५ किलोमिटर रहेको छ भने सबैभन्दा छोटो रुट पोखरा भलामको ६ किलोमिटरको रहेको छ । प्रस्ताब गरिएका रुटमा प्रतिकिलोमिटर २ रुपैयाँ ५० पैसादेखि ६ रुपैयाँसम्म भाडादर तोकिएको छ । अहिलेसम्म यि सडकहरुमा रुट इजाजत बिना नै सवारी साधन चलिरहेको एलए नेपालमा खबर छ । ग्रामिण भेगका सडक साँघुरा र कच्ची भएका कारण दिनहुँ जसो सानाठूला दुर्घटना हुने गरेको छ । कास्कीमा १०० भन्दा बढी रुटमा गाडीहरु चल्दै आएपनि सडक अनुगमनका क्रममा स्थानीयको माग तथा आवश्यकतालाई मध्यनजर गरेर रुट इजाजतका लागि ५२ वटा सडक छानिएको हो । तर एक बर्ष बितिसक्दा पनि अस्थायी रुट ईजाजत दिने बिषयमा कुनै सुनुवाई भएको छैन । कार्यालय प्रमुख पौडेलले भने रुट ईजाजतका लागि आँफुहरुले सिफारिस गर्ने बाहेक अरु केही गर्न नमिल्ने बताए । हामीले सिफारिस गर्ने हो गऱ्यौं, उनी भन्छन्-अहिले नयाँ हाकिम आएकाले रोकिएको हुन सक्छ, अब फेरि स्मरण गराउँछौं ।

कास्की जिल्लामा ४ वटा यातायात ब्यवसायि समितिले ६८ वटा सवारी ग्रामिण रुटमा सञ्चालन गर्दै आएका छन् । ग्रामिण सडकहरुमा सवारी साधन सञ्चालनको रुट ईजाजत नभएकाले ग्रामिण सडकको यात्रालाई सुरक्षित र सवारी नियमनलाई ब्यवस्थित गर्ने काम सुरु भएको यातायात ब्यबस्थापन समिति कास्कीका संयोजक तथा प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले जानकारी दिए । स्विकृती दिने बिषयमा भने विभागमा पहल गर्ने उनको भनाई छ ।

# मन्त्रालय र निकायका १४ जना सचिवलाई सरुवा

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ३ मंसिर ।**

सरकारले गृह र अर्थसहितका महत्वपूर्ण मन्त्रालय र निकायका १४ जना सचिवलाई सरुवा गरेको छ । मन्त्रिपरिषदको बिहीबार बसेको बैठकले उनीहरूलाई सरुवा गरेको हो । मन्त्रिपरिषद स्रोतका अनुसार गृह सचिव सूर्य सिलवाललाई भूमिसुधार, अर्थसचिव सुमन शर्मालाई ऊर्जा, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव धनबहादुर तामाङलाई जल तथा ऊर्जा आयोग, युवा तथा खेलकुद मन्त्रालयका दीपेन्द्रनाथ शर्मा र अतिरिक्त समूहमा रहेका विजय मल्लिकलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सरुवा गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव नारायणगोपाल मलेगोलाई गृह, भूमिसुधारका लोकदर्शन रेग्मीलाई अर्थ, वन तथा भूसंरक्षणका मधु रेग्मीलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र ऊर्जाका राजेन्द्रकिशोर क्षेत्रीलाई उपराष्ट्रपति कार्यालयमा सरुवा गरिएको छ । यसैगरी शान्ति तथा पुनर्निर्माणका रमेशकुमार शर्मालाई महालेखा नियन्त्रणको कार्यालय, रक्षा मन्त्रालयका ईश्वरीप्रसाद पौडेललाई शान्ति तथा पुनर्निर्माण, अतिरिक्त समूहमा रहेका उदयचन्द्र ठाकुरलाई वन तथा भूसंरक्षणमा, राष्ट्रिय सूचना आयोगका लक्ष्मण मैनालीलाई युवा तथा खेलकुद मन्त्रालय, सुदूरपश्चिमका क्षेत्रीय प्रशासक शरदराज बिष्टलाई सूचना आयोगमा सारिएको छ । उपराष्ट्रपति कार्यालयकी निमित्त सचिव जीवनप्रभा लामालाई एमाओवादी अध्यक्ष संयोजक रहेको सत्तारूढ दलहरूको उच्चस्तरीय राजनीतिक समितिको सदस्य सचिवको जिम्मेवारी दिइएको छ । कामु सचिवबाट छ महिना अवधि पुगी सहसचिवमा झरेकी लामालाई सचिवसरहको सुविधा पाउने गरी समितिको सदस्यसचिव बनाइएको जानकारी मन्त्रिपरिषद स्रोतले दिएको छ ।

# कांग्रेसले विषयगत समितिलाई क्रियाशील बनाउने

**काठमाडौं ३ मंसिर ।**

नेपाली काँग्रेस केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानले पार्टीको १३औं महाधिवेशनलाई लक्षित गरी नीति तथा कार्यक्रमको खाका बनाउन प्रतिष्ठानका विषयगत समितिलाई क्रियाशील बनाउने भएको छ । आगामी महाधिवेशनमा प्रस्तुत हुने पार्टीको राजनीतिक, आर्थिक, सामाजिक, जलस्रोत, कृषि, वैदेशिकलगायत विभिन्न विषयमा नीतिगत आधार तय गर्न प्रतिष्ठानका सबै विषयगत समितिलाई क्रियाशील बनाउने भएको हो । प्रतिष्ठानका प्रमुख एवम् कार्यबाहक सभापति रामचन्द्र पौडेलको संयोजकत्वमा बिहीबार बसेको बैठकले नेपालको संविधानका मूलभूत विशेषताबारे आमजनतामा जानकारी गराउँदै मुलुकको वर्तमान सङ्कट र निकासका उपायबारे पनि देशका विभिन्न भागमा अभिमुखीकरण कार्यक्रम गर्ने भएको छ ।

प्रतिष्ठानका निर्देशक एवम् काँग्रेस नेता मधु आचार्यका अनुसार संविधानका विशेषताबारे आम जनतामा जानकारी गराउँदै मुलुकमा हाल देखिएका समस्या समाधानको उपायबारे देशका विभिन्न सात भागमा अभिमुखीकरण कार्यक्रम गरिने बताए । नेता आचार्यका अनुसार अभिमुखीकरण कार्यक्रमको ठाउँ भने पछि तय गरिनेछ ।

केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानले यसअघि पार्टीको महाधिवेशन एवम् महासमिति सदस्य, जिल्लाका सभापति, सचिव, नगर सभापतिलाई विभिन्न समय र ठाउँमा प्रशिक्षण कार्यक्रम दिएको थियो । पार्टी सङ्गठन विस्तार, पार्टीको सिद्धान्त र राजनीतिक एवम् समसामयिक विषयमा पटक पटक प्रशिक्षका प्रशिक्षण कार्यक्रम पनि चलाएको थियो । रासस

# आन्दोलन...

*विज्ञप्तीमा आन्दोलन चर्काउन यातायात बजार कलकारखाना बन्द गर्नुको साथै सीमानाका र राजमार्ग अवरुद्ध गर्ने कार्यक्रमलाई प्रभावकारी बनाइने उल्लेख छ । यसैबीच मोर्चाले विद्यालय तथा क्याम्पसहरु लाई विहानको समयमा कक्षा सञ्चालन गर्ने गरि पठन पाठन सुचारु गर्ने दिने भएको छ । यसअघि मोर्चाले शैक्षिक संस्थाहरु समेत बन्द गराउँदा लाखौं विद्यार्थीहरु विद्यालय जानबाट वञ्चित हुँदै आएका थिए ।*

*यसैगरी भारतीय विदेश मन्त्रालयले भारतले नेपालमाथि कुनै नाकाबन्दी नगरेको बताउँदै नाकाबन्दी भारतले गरेको हो या होइन भन्ने बारेमा नेपाललाई सोध्न आग्रह गरेको छ । विदेश मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा बिहिबार बोल्दै मन्त्रालयका प्रवक्ता विकास स्वरुपले सो कुरा बताएका हुन् । नेपाल सरकारले भारतलाई अघोषित नाकाबन्दी हटाउन आग्रह गरे पनि भारत मौन रहेको भन्दै पत्रकारले प्रश्न गरेपछि स्वरुपले भारतले कुनै नाकाबन्दी नगरेको कुरा दोहोराए । 'समस्या नेपालभित्र रहेको छ । त्यसलाई त्यहाँका राजनीतिक दल तथा सरकारले आन्दोलनरत दलसँग वार्ता गरेर सुल्झाउनुपर्छ,' उनले भने । स्वरुपले सरकारले तराई मधेशमा देखिएको समस्याको राजनीतिक समाधान गरे नेपालको समस्या समाधान हुने र तराईंमा शान्ति हुनका साथै सीमा क्षेत्रमा देखिएको समस्या समाधान हुने र आपूर्ति समस्या समाधान हुने कुरा राखे ।नेपालमा औषधिको अभाव देखिएको बारे स्वरुपले भारतीय पक्षबाट त्यसमा कुनै अवरोध नभएको बताए । 'नेपाल-भारतबीच हुने दुई तिहाई व्यापार धान्ने रक्सौल नाका नेपाली पक्षबाट नै बन्द छ । नेपाल-भारतबीच रहेका १० नाकामध्ये ७ वटा खुला रहेको छ । जसमा पानी ट्यांकी र सुनौली नाका रहेका छन् । ती नाकाहरुबाट हरेक दिन ४०० देखि ८०० कार्गो ट्रकहरु नेपाल प्रवेश गरिरहेका छन् । ६ हजारभन्दा बढी ट्रकहरु नेपाल छिर्नका लागि सीमामा तयार बसिरहेका छन्,' उनले भने ।*

*स्वरुपले नेपालमा देखिएको औषधिको अभावको बारेमा नजिकबाट नियाली रहेको बताउँदै आफूहरुले नेपाल सरकारलाई औषधि पनि रिरुटिङ गरेर लैजान सक्ने सन्देश पठाइसकेको बताए । 'यसका लागि भारतले सहयोग गर्नेछ । त्यसको साथै हवाईमार्गबाट पनि औषधि लान सकिनेछ । औषधि व्यवसायीहरुलाई अवरोध नभएको नाका प्रयोग गर्न आग्रह गर्दछौं,' उनले भने । मधेशी मोर्चाले औषधिलगायत स्वास्थ्य सम्बन्धि सामग्रीहरु बिराटनगर नाकाबाट लैजान दिने बताएको थियो ।*

# मधुमेह परीक्षण शिविर हुने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ मंसिर ।**

पोखराको ईन्द्रचोकमा रहेको आरोग्यधाम होमियोप्याथिक हस्पिटलमा निःशुल्क मधुमेह शिविर हुने भएको छ । यहि मंसिर ५ गते शनिबार उक्त शिविर हुन लागेको हो । विश्व मधुमेह दिवसको अवसर पारि लायन्स क्लव अफ पिस चौतारीले उक्त शिविर आयोजना गरेको हो । 'मधुमेह नियन्त्रणमा राखौं, मधुमेह भएपनि निरोगी भई बाचौं' भन्ने मूल उद्देश्यका साथ मधुमेह सम्बन्धी नागरिकमा सचेतना बढाउन शिविर आयोजना गरिएको हो । शिविरमा मधुमेह सम्बन्धी पुस्तक तथा चिकित्सक द्वारा निःशुल्क परामर्शको व्यवस्था गरिएको बताइन्छ । मानिसको शरीरमा हुने इन्सुलिन हर्मोन उत्पादन तथा प्रयोगमा गडबढीको कारण कार्वोहाइड्रेड मेटावोलिज्ममा आएको खराबीले शरीरमा ग्लुकोजको मात्रा तल माथि हुने र शरीरको आवश्यक तह भन्दा बढि भएको अवस्थालाई मधुमेह रोग लागेको भनेर भनिन्छ । आयोजक लायन्स क्लव अफ पोखरा पिस चौतारीका निवर्तमान अध्यक्ष एवं आरोग्यधाम होमियोप्याथिक हस्पिटलका प्रवन्ध निर्देशक डा. विष्णु चापागाइँले दिएको जानकारी अनुसार मधुमेह भएपनि तुरुन्त यसको असर नदेखिने तर दीर्घकालमा मधुमेहको असरले शरीरका विभिन्न अंगहरुमा नराम्रो असर गर्ने भएकोले डायविटिज बाट बच्न अगाडिनै सचेत हुनुपर्दछ । संसारमा हाल ३० करोड भन्दा बढि मधुमेहका विरामी रहेको र विरामी अझै दिनप्रतिदिन बढिरहेको कारणले यसको न्युनिकरण र व्यवस्थापनमा सचेतना फैलाउनु पर्नेमा उनले जोड दिए । क्लवका अध्यक्ष धनन्जय पौडेलका अनुसार कार्यकममा निःशुल्क मधुमेह परीक्षण, सचेतना कार्यकम गरिने छ ।

# बेरोजगारीको कारण यौनकर्ममा

**पोखरा ३ मंसिर ।(गोल्डेन)**

पोखरा-सरहरमा अन्य रोजगारी नपाएका कारण यौनकर्ममा लाग्नु पर्ने वाध्यता भएको भन्दै पोखराका यौनकर्मी महिलाहरुले श्रमिक अधिकार माग गरेका छन् । भर्खरै जारी भएको नेपालको संविधान २०७२ मा मौलिक हकको रुपमा श्रमिक हक स्थापना गरिएपछि उनीहरुले स्वतन्त्र रुपमा यौन व्यवसाय गर्न पाउनु पर्ने माग गरेका हुन् । महिला उत्थान तथा जागरण केन्द्र पोखराले झण्डै छ महिना लगाएर यौनकर्मी महिलाका समस्याका वारेमा सोध पुछ गरेको प्रतिवेदनमाथि वुधवार पोखरामा सरोकारवालावीच छलफल चलाएको थियो । भेटका क्रममा ती महिलाहरुले रहरै रहरमा कलिलो अवस्थामा सहरमा पस्दा वाध्यताले पेशा अँगलेको, केहीले आफन्तले फँसाएको त केहीले स्वइच्छाले पेशा अगाल्न वाध्य भएको वताएका छन् । 'सामान्यदेखि उच्च घरानका युवतिहरु पनि यो पेशामा संलग्न रहेको पाईयो, उनीहरु पेशा प्रति सन्तुष्ट पनि देखिए', संस्थाकी सचिव चमेली परियारले भनिन् । उनले पोखरामा नपत्याउँदो हिसावले मानव वेचविखन हुने गरेको समेत वताएकी छिन् । यौन कर्ममा लागेकाहरु पेशामा सन्तुष्ट भएपनि विकल्पको कमाई भए सो पेशा त्याग्न तयार भएको समेत उनले जानकारी गराईन् ।

पोखरामा करिव १ हजार महिलाहरु यौन व्यवसायमा संलग्न रहँदै आएको विभिन्न गैससका तथ्याङकले दावी गरेपनि यसवारे गहन अध्यन भने भएको छैन ।

# रासायनिक मलको चर्को अभाव

**पोखरा ३ मंसिर ।**

भारतको अघोषित नाकाबन्दी र मधेसी मोर्चाको आन्दोलनको कारण पोखरामा रासायनिक मलको चर्को अभाव भएको छ । एक महिनादेखि कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालयको गोदाम रित्तै भएको कार्यालयका शाखा प्रबन्धक शालीग्राम वाग्ले जानकारी दिए । "गत भदौमा स्कर्टिङ गरेर वीरगन्जबाट सय मेट्रिक टन युरिया मल ल्याएर सबै सहकारी संस्थालाई वितरण गऱ्यौं, त्यसपछि युरिया मल ल्याउन सकिएको छैन"-उनले भने । शाखाको गोदाममा गत कात्तिक १० गतेदेखि डिएपी र २२ गतेदेखि पोटास मल सकिएको थियो । मलको अभाव भएपछि यस वर्षको हिउँदे खेती गहुँ, तोरी, आलु तथा तरकारीको उत्पादन घट्ने निश्चित भएको छ । कृषकहरू दिनहुँजसो कम्पनीका डिलरमा मल पाइन्छ की भनेर धाउने गर्दछन् र मल नपाएपछि निराश हुँदै घर फर्कने गरेका छन् । रासस

# पाण्डे रेडियो गण्डकीको स्टेशन म्यानेजर

***गोल्डेन न्यूज संवाददाता***
***पोखरा ३ मंसिर ।***

*पोखरामा संचालित रेडियो गण्डकीको स्टेशन म्यानेजरमा पत्रकार घनश्याम पाण्डेय नियुक्त भएका छन् । रेडियो गण्डकीको स्थापना देखि रेडियोमा सक्रिय रुपमा लाग्नु भएका पाण्डेयको सञ्चार यात्रा भने २०६० साल देखि हो ।*

*पत्रकार पाण्डेयले आफूले रेडियो र टेलिभिजनमा संगालेको अनुभव लाई रेडियोमा केन्द्रीत गर्दै सञ्चालक समितिले दिइएको जिम्बेवारी लाई कुशलता पूर्वक निर्बाह गर्ने बताएका छन् ।*

*पाण्डेयले रेडियो गण्डकीमा सवै स्रोताको मन मनमा बस्ने कार्यक्रममा प्रशारण गर्ने योजना रहेको बताउदै पाण्डेयले स्थानीय गतिविधि पहिलो प्राथमिकतामा राखेर काम गर्ने बताए ।*

*पोखराको सामुदायिक हिमचुली एफएमबाट कार्यक्रम प्रस्तोता, समाचार बाचकको रुपमा सञ्चार यात्रा शुरु गरेका पाण्डेय २०६४ साल बाट रेडियो गण्डकीमा सम्बाददाता, समाचारबाचक, न्यूज डेक्स इन्चार्ज, फिल्ड रिपोर्टर चिफ हुदै स्टशेन म्यानेजर बनेका हन् ।*

# कालोबजारी....

*नुन रहेको उनको भनाइ छ ।*

***गुनासो सुन्न हटलाइन***

*सरकारले कालोबजारी नियन्त्रणमा नागरिकको समेत सहयोग होस् भनेर हटलाइन नम्बर स्थापना गरेको छ । यसअघि नेपाल आयल निगमको गुनासो सुन्नका लागि सूचना केन्द्र बनाए पनि प्रभावकारी हुन नसकेपछि हटलाइन नम्बर स्थापना गरिएको हो । नागरिकले ०१४२०००५२ मा चौबीसै घन्टा फोन गरेर कालोबजारी तथा अनियमितताको जानकारी दिन सक्नेछन् ।*

*त्यस्तो जानकारी आएको केही समयभित्रै छानबिन गरेर कारबाही गर्ने मन्त्रालयको भनाइ छ । सो हटलाइन एकैसाथ गृह मन्त्रालयमा समेत जोडिएकाले बढी प्रभावकारी हुने विश्वास लिइएको छ ।*

***शुक्रबारबाट खाना पकाउन मट्टीतेल बाँडिने***

*सरकारले शुक्रबारबाट उपभोक्तालाई राहत दिनका लागि शुक्रबारबाट राजधानीका विभिन्न स्थानमा मट्टीतेल वितरण गर्ने भएको छ । आयल निगमले कुल ९६ हजार लिटर मट्टीतेल बाँड्न लागेको हो । निगमले आज एक सार्वजनिक सूचना प्रकाशित गरी ग्यासको विकल्पमा मट्टीतेल उपभोक्तालाई पाँच लिटरका दरले वितरण गर्न लागेको हो । राजधानीका ३२ स्थानबाट मट्टीतेल वितरण गर्नेछ । रासस*

# विभिन्न संगठनका विद्यार्थीहरु नयाँ शक्तिमा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ३ मंसिर ।**

पुर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले चलाएको नयाँ शक्ति निर्माणको अभियानमा देशका बिभिन्न भागमाजस्तै कास्कीमा पनि सहभागिता बढेको छ । बिहीबार कास्कीमा भएको कार्यक्रमा एमाओवादी निटकको विद्यार्थी संगठन लगायतका अन्य बिभिन्न बिद्यार्थी सँगठनहरु परित्याग गरि ७५ जना बिद्यार्थीहरु नयाँ शक्ति अभियानमा लामबद्ध भएको अखिल (क्रान्तिकारी)का पूर्व केन्द्रिय सदस्य दिनेश पौडेलले बताएका छन् । नयाँ शक्ति अभियानमा लामबद्ध भएको घोषणासँगै उनीहरुले जारी गरेको विज्ञप्तिमा-'परम्परागत रुपमा रहेका संगठन र सांगठानिक संरचना, संस्कार, संस्कृति, सोच र विचारले समग्र राष्ट्रको हित हुन नसक्ने ठहर गर्दै पुरानो संगठन औपचारिक रुपमा परित्याग गरि नयाँ सोच र विचार, नयाँ राजनीतिक संस्कार र संरचना सहितको नयाँ शक्ति निर्माणको अभियानमा समाहित हुने घोषणा गर्दछौं । 'नयाँ शक्तिमा अभियानमा लामबद्ध हुनेहरुमा अखिल ( क्रान्तिकारी) का केन्द्रिय सदस्यहरु दिनेश पौडेल, नेत्र चापागाई, सन्तोष आचार्य, अखिल (क्रान्तिकारी) सिटिईभिटी जिल्लाका अध्यक्ष सरोज गौतम, उपाध्याक्ष सञ्जय लामिछाने, सचिव सन्तोष बाँस्तोला, छात्रा विभाग प्रमुख रञ्जना घिमिरे, अखिल क्रान्तिकारी कास्कीका जिल्ला उपाध्यक्षहरु छविराज अधिकारी, सुनिल पौडेल, अखिल क्रान्तिकारी पिएन क्याम्पस जिल्लाका उपाध्यक्ष रेशम सापकोटा, जनस्वयंसेबकका अध्यक्ष अमृत खत्री, सचिव आविष्कार सुवेदी 'आकाश', कृष्ण अधिकारी, विमल लामिछाने, पश्चिमाञ्चल ईन्जिनियरिङ क्याम्पसका ईन्चार्ज साधुराम लामिछाने लगायत ७५ जना विद्यार्थीहरुले विभिन्न विद्याथी संघ संगठनहरु र स्वतन्त्र रहेका गरि अभियानमा लामबद्ध भएका हुन् ।


मुटुरोगीहरुलाई खुशीको खबर

शहीद गंगालाल हृदयरोग केन्द्र काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मुरारी दुंगानाद्वारा उच्च रक्तचाप, मुटु हल्लिने, स्वाँ स्वाँ हुने, छाति दुख्ने, भारी हुने एन्जियोग्राम गरेको बिरामीहरू र एन्जियो प्लास्ट गरेका बिरामीहरूलाई निम्न मिति, समय र स्थानमा स्वास्थ्य परीक्षण हुने भएकोले सम्पूर्ण मुटुरोगीहरूलाई लाभ लिनुहुन अनुरोध गरिन्छ। साथै, ECG र ECO को पनि व्यवस्था छ।

नयाँ तथा पुराना रोगीहरूले आफ्ना पुरानो संम्पूर्ण रिपोर्टसहित आउनुहोला।

स्थान : अस्मानी फार्मेसी

(चरक हस्पिटलको opposite पश्चिमाञ्चल डेण्टल हस्पिटलसँगै)

मिति : २०७२ मसिर ५ गते, शनिबार

समय : बिहान ८:०० बजेदेखि बेलुका ३:०० बजेसम्म

सिट सीमित भएकोले तु-सम्पर्क गर्नुहोला

सम्पर्क :



सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension गर्नुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।





सम्पर्क: ९८४६८५९३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)



सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747



BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?





- तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

बबिन टेलरिङ सर्टिङ एण्ड सुटिङ

DIGIAM Ashvira OCM Raymond


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा